१८. **<u>सवारी साधन कर छुट सम्बन्धी विशेष ब्यवस्थाः</u>** (१) बागमती प्रदेशभित्रका यातायात व्यवस्था कार्यालयमा दर्ता भएको मोटरसाइकल तथा स्कुटर एवं दुई पाँग्रे सवारी साधनको आर्थिक वर्ष २०७०/०७१ देखि आर्थिक वर्ष २०७५/०७६ सम्म तोकिए बमोजिम कर दाखिला र नवीकरण समेत नगरेका सवारी धनीले संवत् २०७९ साल फागुन मसान्तभित्र सवारी साधन कर बुझाउन आएमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ वा प्रचलित कानून बमोजिम लाग्ने सो अवधिको जरिबाना छुट हुनेछ।

(२) प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ३१ मा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०७९ फागुन मसान्तभित्र कुनै सवारी साधन धनीले अन्य प्रदेशमा दर्ता रहेको सवारी साधन यस प्रदेशमा सार्न चाहेमा सक्कल ब्लु बुक सहित निवदेन दिन सक्नेछ। यसरी निवेदन प्राप्त भएमा सम्बन्धित यातायात व्यवस्था कार्यालयले यातायात सूचना प्रणालीमा उक्त सवारी साधनको अभिलेख रहेको यकिन गरी आर्थिक ऐन बमोजिम लाग्ने सवारी साधन कर लिई साबिककै दर्ता नम्वर कायम हुने गरी स्थानान्तरण गर्न सक्नेछ। स्थानान्तरण गर्दा कार्यालयमा पेस गरेको ब्लु बुक लगायत कागजातको आधिकारिकता सम्बन्धित सवारी साधन धनीबाट स्वघोषणा तथा कवुलियत गराउनु पर्नेछ। यसरी स्थानान्तरण गर्दा सवारी साधन दर्ता शुल्क लाग्ने छैन। साथै स्थानान्तरण भएको सवारी साधनको विवरण साबिकमा सवारी दर्ता भएको यातायात व्यवस्था कार्यालयमा पठाउनु पर्नेछ।

(३) बागमती प्रदेशभित्र रहेका यातायात व्यवस्था कार्यालयमा यातायात सेवाको पञ्जिकृत गर्न मिति २०७९ को

मंसिर मसान्तभित्र सेवा पञ्जिकृत गरेमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम लाग्ने जरिबानामा पचास प्रतिशत छुट गरिनेछ।

(४) बागमती प्रदेशभित्र विद्युतीय सूचना प्रणालीबाट सञ्चालित गरिएको राइड सेयरिङ्ग एपमा निजी नम्वरका सवारी साधन भाडा लिने प्रयोजनमा प्रयोग गरी सेवा दिने संस्थाले तोकिएको दस्तुर सम्बन्धित यातायात व्यवस्था कार्यालयमा बुझाई अनुमति लिई सञ्चालित गर्नु पर्नेछ। अनुमति सम्बन्धी प्रक्रिया प्रदेश सरकारको यातायात हेर्ने मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

तर यो ऐन प्रारम्भ हुनु अघि राइड सेयरिङ्ग एप प्रयोग गरी विद्युतीय सूचना प्रणालीबाट सञ्चालनमा रहेका संस्थाले संवत् २०७९ साल चैत मसान्तभित्र अनुमति लिनु पर्नेछ।

(५) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहमा नेपाल स्थित कुटनैतिक नियोग तथा दातृ संस्था/कार्यालय/ आयोजनाबाट हस्तान्तरण भई यातायात व्यवस्था कार्यालयमा कुटनैतिक नम्बर प्लेटमा दर्ता भएका सवारी साधनहरूलाई सरकारी सवारी नम्वरमा प्लेटमा परिवर्तन गर्ने गरी दर्ता गर्न सम्बन्धित कार्यालयले सिफारिस पत्र सहित अनुरोध गरेमा त्यस्तो सवारी साधनलाई सरकारी सवारी सरह कायम हुने गरी दर्ता गरिनेछ।